# भोजपुर नगरपालिका
# स्थानीय विपद् जोखिम व्यवस्थापन कोष सञ्चालन निर्देशिका, २०७५

............................................

कैलाश कुमार आले
नगर प्रमुख
भोजपुर नगरपालिका
प्रमाणिकरण मिति : २०७५/०३/

स्थानीय सरकार संचालन ऐन, ०७४ को परिच्छेद ३, दफा ११ को उपदफा २ (न) (६) ले दिएको अधिकार प्रयोग गर्दै विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पर्व तयारी तथा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्वका साथ् जोखिम विपद व्यवस्थापनको सवाललाई विकासका योजना संग मुलप्रवाहिकरण गरी विपद् उत्थानशील समाज निर्माण गर्ने क्रममा जिम्वेवार निकायको रुपमा पहलकदमी लिनु आवश्यक भएको कुरा आत्मसात गर्दै दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न, प्रभावित सवै वर्ग, समुदाय एंव क्षेत्रको पहुच र स्वामित्व स्थापित हुनेगरी स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्दै विपद् जोखिम व्यवस्थापन लाई सहभागितामूलक, पारदर्शी, उतरदायी, समावेशी र जिम्मेवार बनाउन भोजपुर नगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को मुल भावना तथा मर्मलाई आत्मसात गर्दै सो ऐनको दफा २७ को अधिकारले यो "स्थानीय विपद् जोखिम व्यवस्थापन कोष सञ्चालन निर्देशिका, २०७५" स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद-१

### १ प्रारम्भिक

१.१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कोषको नाम "स्थानीय विपद् जोखिम व्यवस्थापन कोष सञ्चालन निर्देशिका, २०७५" रहेको छ ।

१.२ यो निर्देशिका विपद् जोखिम व्यवस्थापन २०७५ तुरुन्त प्रारम्भ हुनेछ ।
१.३. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मा,निर्देशिकामा-

(क) "कोष" भन्नाले स्थानीय विपद् जोखिम व्यवस्थापन कोषलाई सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले स्थानीय विपद् जोखिम व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ग) "नगरपालिका " भन्नाले भोजपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "स्थानीय " भन्नाले स्थानीय तह संचालन ऐन २०७४ बमोजिम गठित गाऊपालिका , नपा, उपनपा, मनपा तथा जिल्ला समन्वय समितिलाई सम्झनु पर्दछ ।

(ङ) "विकास साझेदार" भन्नाले भोजपुर नगरपालिका संग संझौता गरी वा नगरी नगद, जिन्सी एंव प्राविधिक सहयोग उपलव्ध गराउने द्विपक्षीय एंव बहुपक्षीय दातृ निकाय, तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था र रेडक्रस अभियानका अङ्ग आदिलाई सम्झनु पर्दछ ।

(च) "कार्यदल" भन्नाले यस निर्देशिका वमोजिम जोखिम विपद व्यवस्थापन योजना तर्जुमा स्थागनीय विपद् जोखिम व्यवस्थापन समितिले गठन गरेको कार्यसमूहलाई सम्झनु पर्दछ ।

(छ) "विषयगत कार्यालय" भन्नाले नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालय अन्तरगत रहेको यस नगरपालिका स्थित रहेको कार्यालय समेतलाई सम्झनु पर्दछ ।

(झ) "गैरसरकारी संस्था" भन्नाले यस निर्देशिकाको प्रयोजनको लागि प्रचलित कानुन वमोजिम स्थापन भएका र स्थानीय तह नगरसभा बाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसंग समन्वय गरि कार्य संचालन गर्ने गैरनाफामूलक संस्थालाई सम्झनु पर्दछ ।

(ञ) "सामुदायिक संस्था" भन्नाले जनचेतना अभिवृद्धि, तालिम, अभिमुखिकरण, सीप विकास, बचत, कर्जा परिचालन र सशक्तीकरण गर्ने उद्धेश्यले निश्चित प्रकृया अवलम्वन गरी प्रचलित कानुन वमोजिम स्थापना भएका तथा स्थानीय तहमा सूचिकृत समुदायमा आधारित टोल विकास संस्था तथा अन्य संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ट) विपद भन्नाले भूकम्प, सडक दुर्घटना, महामारी, चट्यांग, हुरीवतास, आगलागी , वाढी, पहिरो लगायतका प्रकोपलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

२. कोषको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. कोषको स्थापना :(१) स्थानीय विपद् जोखिम व्यवस्थापन कोष(संचालन) निर्देशिका, कोष २०७५ नामको एक कोष स्थापना गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमका नगद तथा वस्तुगत सहायता रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त,

(ख) विदेशी सरकार वा व्यक्ति, अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त,
(ग) गैर आवासीय नेपालीबाट प्राप्त,

(घ) अन्तर्राष्ट्रिय च्यारिटीबाट प्राप्त,

(ङ) नेपाली संघ, संस्था वा व्यक्तिबाट प्राप्त,
(च) अन्य श्रोतबाट प्राप्त ।

(४) समितिले उपनियम (३) बमोजिम जम्मा भएको नगद रकम मध्येबाट समितिले बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(५) उपनियम (४) बमोजिमको खाताको सञ्चालन समितिको अध्यक्ष र सचिवको संयूक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ ।

४. कोषको खर्चका क्षेत्रहरु :

निम्न लिखित क्षेत्रमा जोखिम पुर्ण अवस्थामा रहेका, जोखिममा परेकाहरुको उद्धार**को** लागि कोषको खर्च गरिनेछ :

(१) विपद्वाट जोखिम पूर्ण अवस्थामा रहेको व्यक्ति तथा परिवारलाई,
(२) जोखिम पूर्ण अवस्था आउनवाट बचाउने कृयाकलाप,
(३) विपद् जोखिम व्यवस्थापन योजना तर्जुमामा परेको गतिविधि संचालन गर्न र
(४) समितिले तोकेका अन्य विपद् जोखिम व्यवस्थापनका पूर्व तयारी ।

५. कोषको प्रयोग : कोषको प्रयोग मार्ग दर्शक सिद्धान्त
यस कोषको मार्ग दर्शक सिद्धान्त निम्न लिखित हुनेछ :

१) प्रस्तुत कोष विपद् जोखिम व्यवस्थापनको क्षेत्रमात्र प्रयोग हुनेछ ।
२) कोष खर्च हुने विषय विपद् जोखिम सहयोगको पात्र बन्नु पर्नेछ।
३) कोषको प्रयोग विपद् जोखिममा परेकाहरुको मानव जीवनरक्षाको र उनीहरुको संरक्षण एवं विकासको लागि गरिने छ ।

४) कोषको प्रयोग अतिशिघ्र उपलव्ध हुने राहत सामागिृका लागि प्रयोग हुनु पर्नेछ ।

## परिच्छेद-३

### कोष व्यवस्थापन समितिको गठन र काम,कर्तव्य तथा अधिकार

६. समितिको गठन : कोषको सञ्चालन, रेखदेख र कोषको तर्फबाट गर्नु पर्ने सम्पूर्ण काम कारबाह गर्नकोलागि देहाय बमोजिमको एक कोष सञ्चालक समिति नेछरह :-

(क) नगर विपद् जोखिम व्यवस्थापन समितिको अध्यक्ष (नगर प्रमुख) -अध्यक्ष

(ख) भोजपुर नगरपालिकाको प्रमुखले तोकेको कर्मचारी - सदस्य सचिव

(ग) भोजपुर नगरपालिकाको प्रमुखले तोकेको नगर कार्यपालिकाका सदस्यहरुमध्ये २ जना महिला सदस्य - सदस्य

(घ) नेपाल रेडक्रसको प्रतिनिधि (१) जना -सदस्य

७. समितिको बैठक:

(७.१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(७.२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।
(७.३) समितिको बैठकमा छलफल हुने विषय सहितको सूचना समितिको सदस्य -सचिवले बैठक बस्नु अगावै लिखित रुपमा सबै सदस्यलाई दिनु पर्नेछ ।

(७.४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७.५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. समितिको कार्यकाल : समितिको कार्यकाल २ बर्षको हुनेछ।

## परिच्छेद-४

९. कोषको खर्च सम्बन्धि व्यवस्था

९.१. कोषको खर्च कोष व्यवस्थापन समितिको अध्यक्षले रु.१०,००० ।( दश हजार रुपैया सम्म प्रमाण मागका आधारमा तोक आदेश वाटखर्च गर्नसक्नेछ । सो भन्दा बढीको खर्च गर्न ्जोखिम विपद व्यवस्थापन समितिको बैठक बाट निर्णय गराई मात्र खर्च गर्नु पर्नेछ ।

.........................................

कैलाश कुमार आले
नगर प्रमुख
भोजपुर नगरपालिका
प्रमाणिकरण मिति : २०७५/२/